# रोहिणी गाउँपालिकाको खाद्य सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्राथ्मिकीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

*रोहिणी गाउँकार्यपालिकाको निर्णयबाट स्वीकृत मिति २०८०।12।30*

**प्रस्तावनाः** रोहिणी गाउँपालिकाको आर्थिक विकासमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। त्यसैले प्रदेशको विभिन्न क्षेत्रमा विद्यमान भौगोलिक तथा वातावरणीय विविधताको सदुपयोग गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा प्रतिस्पर्धी क्षमता विकासका लागि आवश्यक उत्पादन सामग्री तथा यन्त्र/उपकरणहरूको उपलब्धता, प्राविधिक तथा कृषि प्रविधि प्रसार सेवा, बजार तथा भण्डारण पूर्वाधार र बजारीकरण सहजीकरण मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, आयआर्जन तथा रोजगारीको अवसर अभिवृद्धि गर्न आवश्यक रहेको छ। भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी रोहिणी गाउँपालिकाको कृषि तथा पशु शाखा मार्फत सञ्चालन हुने कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न राहिणी गाउँपालिका गाउँकार्यपालिको कार्यालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक, परिभाषा र उद्देश्य

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"रोहिणी गाउँपालिकाको खाद्य सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्राथ्मिकीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि रोहिणी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

(३) यो कार्यविधि अनुसारको कार्यक्रम अवधी तीन बर्ष (आ.व.२०८०/८१ देखि २०८२/८३) सम्म रहनेछ।

१. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूको लागि यस गाउँपालिकाबाट उपलब्ध गराइने नगद रकम वा वस्तुगत सहायता वा दुवैलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति वा संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएका कम्पनीलाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ६(२) मा उल्लेख भएका क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले यस कार्यविधिको दफा १५ अनुसार गठित कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्छ।



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

(छ) "कार्यक्रम व्यवस्थापन समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा १४ अनुसार गठित कार्यक्रम व्यवस्थापन समन्वय समितिलाई सम्झनु पर्छ।

(ज) "कार्ययोजना" भन्नाले दफा ८ को उपदफा (२) बमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार कार्यालयले स्वीकृत गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले रोहिणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र "शाखा" भन्नाले रोहिणी गाउँपालिका अन्तरगत रहेको कृषि तथा पशु शाखालाई सम्झनु पर्छ।

(ञ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई सम्बन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ट) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, तेलहन, दलहन, पुष्प, पशुपन्छी, मासु, दूध, अण्डा, हाड/छाला, माछा, ऊन, च्याउ, मौरी, रेशम, कफी, अलैंची, घाँसेबाली, कपास, उखु लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(ठ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १३ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ड) "पशु" भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(ढ) "फर्म" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएको उद्यमीहरूको संस्थालाई सम्झनु पर्छ।

(ण) "सहकारी" भन्नाले कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने उद्देश्यले दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

२. **उद्देश्यः** कृषिको वातावरण-मैत्री आधुनिकीकरण तथा व्यावसायीकरणद्वारा सबै तहका कृषक तथा सम्बद्ध व्यवसायीहरूको दिगो आय वृद्धि गर्दै कृषिको नेतृत्वमा उच्च तथा समावेशी आर्थिक वृद्धिदर कायम गर्नु कृषि विकासको मूल उद्देश्य रहेको छ। यसका विशेष उद्देश्यहरू निम्नानुसार छन्:

(क) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

(ख) खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।

(ग) कृषि क्षेत्रको व्यावसायीकरण मार्फत आयआर्जन र रोजगारी वृद्धि गर्नु।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## परिच्छेद -२
### *अपेक्षित उपलब्धि र प्राथमिकता क्षेत्र*

३. **अपेक्षित उपलब्धिः** देहायमा उल्लिखित अपेक्षित उपलब्धि हासिल गर्न कृषि विकासका योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ;-

(क) उच्च तथा दिगो उत्पादकत्व वृद्धि

(ख) कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि

(ग) कृषि व्यावसायीकरण अभिवृद्धि

(घ) कृषि पूर्वाधार तथा बजार विकास र सुधार

(ङ) संस्थागत विकास तथा सुशासन प्रवर्द्धन

४. **प्राथमिकता क्षेत्रः** प्रदेश कृषि विकासका देहायका प्राथमिकता क्षेत्र रहेका छन्;-

(क) गुणस्तरीय नश्ल तथा बीउ बिजन प्रवर्द्धन

(ख) प्रविधि विकास, हस्तान्तरण र विस्तार तथा सफल अवधारणा/मोडेलहरूको अनुसरण

(ग) निर्यातमुखी उद्योगको स्थापनामा सहजीकरण र आयात प्रतिस्थापन

(घ) बाँझो जमिनको उपयोग, आन्तरिक क्वारेन्टाइन तथा जलवायुमैत्री कृषि कार्यक्रम प्रवर्द्धन

(ङ) स्रोत केन्द्रहरूको सुदृढीकरण तथा स्थापना

(च) सरोकारवाला क्षेत्रहरुको सहभागीता, सहकार्य र साझेदारी प्रवर्द्धन

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकरहर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

## परिच्छेद ३
### *सरोकारवालाहरूको भूमिका र कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन*

५. <u>निकायगत तथा सरोकारवालाहरूको भूमिकाः</u> यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालहरूको भूमिका देहाय बमोजिमको हुनेछः-

(क) **गाउँपालिकाको भूमिकाः** कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन, आवश्यक प्राविधिक व्यवस्थापन तथा समस्या समाधान गर्ने तथा कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गर्ने, पृष्ठपोषण गर्ने, समस्या समाधानमा सहजीकरण गर्ने र सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कन, विश्लेषण गर्ने। पालिका अन्तरगत कृषि र पशु सेवाका प्राविधिक कर्मचारीहरूलाई कार्यान्वयनमा सहयोग, सहजीकरण, सरोकारवाला निकाय संग समन्वय, क्षमता अभिवृद्धि तथा परिचालन गर्ने/गराउने।

(ख) **कार्यक्रम सञ्चालन गर्ने शाखाको भूमिकाः**

- शाखाले स्वीकृत कार्यक्रम अनुसार मापदण्ड/सूचकहरूको आधारमा अनुदानग्राही छनोट गर्ने, आवश्यकता अनुसार सम्झौता गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
- व्यावसायिक उत्पादन क्षेत्रहरूमा सासाहिक एकपटक पुग्ने गरी प्राविधिकहरू परिचालन गर्ने र सोको प्रतिवेदन गर्ने,
- पालिकास्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन गरी माथिल्लो निकायमा प्रगति प्रतिवेदन गर्ने।

(ग) **अनुदानग्राही/सेवाग्राहीको भूमिकाः**

- अनुदानग्राही/सेवाग्राहीले यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्ने,
- अनुदानग्राहीले सम्झौता/कार्ययोजना आवश्यकता अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात तोकिएको समयसीमा भित्रै कार्यालयमा पेश गर्ने,
- कार्यालयले माग गरे अनुसारका कागजातहरू उपलब्ध गराउने, सल्लाह सुझावको अवलम्वन गर्ने,
- निर्धारित समय, लागत, गुणस्तर र परिमाणमा कार्य सम्पन्न गर्ने।

(घ) **वडा कार्यालयहरुको भूमिकाः**

- कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्न आवश्यकता अनुसार सहजीकरण गर्ने।
- कार्यालयको आवश्यकता अनुसार तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउने।
- कृषि तथा पशु शाखामा कार्यरत प्राविधिकबाट प्राविधिक सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।

६. **"रोहिणी गाउँपालिकाको खाद्य सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्राथ्मिकीकरण कार्यक्रम सञ्चालनः** (१) रोहिणी गाउँपालिकाको खाद्य सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्राथ्मिकीकरण कार्यक्रम/क्रियाकलापहरू देहाय बमोजिम हुनेछन्-

(क) **सघन खद्यान्न बाली उत्पादन कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषक पहिचान तथा वर्गीकरण, खद्यान्न बाली उत्पादन, खाद्यान्न बालीको बिउ उत्पादन तथा कृषकहरुलाई खेती प्रविधि संबन्धि तालिम कार्यक्रम कृषि शाखाले सञ्चालन गर्नेछ । फलस्वरुप गउँपालिका भित्र सिंचित खेत र समथर पाखो बारीमा भौगोलिक क्षेत्र अनुसार सिफारिस गरिएका अन्न बालीहरु खास गरी धान र गहुँ को जातहरु लगाई उत्पादनमा बृद्धि भएको हुनेछ ।

(ख) **तरकारी प्रवर्द्धन कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषकलाई तरकारी खेती(५ कठ्ठा भन्दा माथी)का लागि आवश्यक पर्ने उत्पादन सामग्री (बीउ, बेर्ना, बिरुवा, औजार उपकरण आदि) को उपलव्धता सुनिश्चित गर्न, तरकारी नर्सरी स्थापना गर्न, नगद वा जिन्सी समाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ। यस किसिमका कार्यक्रमले गाउँपालिकाका सबै वडाका किसान परिवारहरुले हावापानी अनुसारका तरकारीहरु हिउँदे तथा वर्षे तरकारीहरु वा आफ्नो करेसारबारीमा तरकारी लगाएका हुनेछन । सम्भावित वडाका किसान परिवारले ब्यवसायिक हिउँदे तथा बर्षे तरकारीहरुको खेती गरेको हुनेछन । यी कार्यक्रमहरू शाखाले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(ग) **नगदे बाली प्रवर्द्धनः** विभिन्न नगदे बाली (उखु, जुट, कपास) को खेती प्रवर्द्धन का लागि उखु जुट कपास खेती र बीउ उत्पादन गर्न पालिकाका कृषकहरुलाई उत्प्रेरित गर्ने कार्यक्रमहरु संचालन। वडाका सम्भावित क्षेत्रका किसान परिवारले उखु, जुट र कपासको ब्यवसायिक उत्पादन गरी आन्तरिक तथा बाह्य बजारमा बिक्री गरेको हुनेछन । यी कार्यक्रमहरू शाखाले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(घ) **फलफुल प्रवर्द्धनः** पालिकामा सम्भाब्य क्षेत्रमा सिफारिस गरिएका फलफुल खेती गर्नका लागि आवश्यक पर्ने उत्पादन सामग्री (बीउ, बेर्ना, बिरुवा, औजार उपकरण आदि) को उपलव्धता सुनिश्चित गर्न, फलफूल नर्सरी स्थापना गर्न, नगद वा जिन्सी समाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकाका सम्भाब्य वडाहरुमा हावापानी सुहाउँदा विभिन्न किसिमका फलफूलका बिरुवाहरु रोपेका हुनेछन । यी कार्यक्रमहरू शाखाले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(ङ) **दलहन, तेलहन र कन्दमूल प्रजातिको प्रवर्द्धनः** पालिकाभित्र दलहन(सीमी, केराउ, भटमास) तेलहन (तोरी) कन्दमूल प्रजाति(पिडालु तरुल र सखरखण्ड) खेती प्रवर्द्धनका लागि आवश्यक पर्ने उत्पादन सामग्री (बीउ, बेर्ना, बिरुवा, औजार उपकरण आदि) को उपलव्धता सुनिश्चित गर्न, नगद वा जिन्सी समाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ। गउँपालिकाका सम्भाब्य वडाहरुमा परमपरागत बालीहरु मध्ये भटमास सीमी केराउ र तोरी बर्षे तथा हिउँदे मुख्य बाली संग घुसुवा बालीको रुपमा लगाएका हुनेछन भने पिडालु तरुल र सखरखण्डको खेती विस्तार गरी आफ्नो परिवारको आवस्यकता पुरा गरी बढी उत्पादन गाउँको आन्तरिक तथा बाह्य बजारमा विक्री गरेका हुनेछन ।

(च) **ब्यवसायीक मौरीपालन कार्यक्रमः** गाउँपालीकाका सम्भाबित वडाहरुमा व्यवसायीक मौरीपालन गर्न मौरी सहितको घार, मह काढ्ने आवश्यक औजार, प्रशोधनका लागी आवश्यक मेसिन र उपकरणमा लगायत अन्य सामाग्रीमा ५०% अनुदान तथा ब्यवसायीक मौरीपालक कृषकहरुलाई मौरी घार ब्यवस्थापन र मह उत्पादन सम्बन्धी तालीम । यस गाउँपालीकाका सम्भाबित वडाहरुमा ब्यवसायीक मौरीपालन कार्यक्रम सन्चालन गरी मह उत्पादन सुरु भएको हुनेछ ।

(छ) **गाई/भैंसी तथा दुध उत्पादन प्रवर्द्धन कार्यक्रमः** स्थानीय जातका गाईको नश्ल सुधारको लागी जर्सी साँढे तथा स्थानीय जातको भैसी नश्ल सुधारको लागी मुर्रा राँगा वितरण, उन्नत जातका गाई भैसी का बाच्छाबाच्छी तथा पाडापाडी हुर्काउने, समुहमा स्थानीय जातका साँढे/राँगा लाई खसी बनाउने,

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

कृषकहरुको गोठ सुधार, पशु पालक कृषकहरुलाई उन्नत प्रविधि सम्बन्धि तालिम संचालन, दुग्ध संकलन तथा प्रशोधन केन्द्र तथा सम्बन्धित उद्योगको स्थापना गरी दुग्ध जन्य पदार्थको बजारीकरण । दुध उत्पादनका लागि पालिएका गाई र भैसीको नश्ल सुधारको लागि सम्भावित ब्यवसायिक गाई र भैसी पालक समुहमा मुर्रा क्रस राँगा र जर्सी क्रस साँढे वितरण गरिएको हुनेछ र व्यवसायीक गाई र भैसी पालन पकेट क्षेत्र पशुपालक कृषकहरुको गोठ सुधारिएको हुनेछ र गोठेमल उत्पादनमा सुधार भएको हुनेछ । दुग्ध उत्पादन पकेट क्षेत्रमा दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुग्ध संकलन केन्द्र संचालन हुनेछ र गाउपालिका भित्रका आन्तरिक बजारहरुमा दुध तथा दुग्धजन्य पदार्थ(दही पनीर र घीउ) को उत्पादन गरी बिक्रीको ब्यवस्था भएको हुनेछ, ब्यवसायिक गाई/भैसी पालन ब्यवस्थापन तथा दुग्ध प्रवर्द्धन तालिम।

(ज) **बाख्रा प्रवर्द्धनः** व्यवसायीक बाख्रा उत्पादन पकेट क्षेत्रमा स्थानीय बाख्रामा नश्ल सुधारका लागी कम्तिमा ५० देखि ७० क्रस बोयर बोका बितरण, व्यवसायीक बाख्रा पालन पकेट क्षेत्रका किसानको बाख्राको खोर सुधार, गाउँपालिकामा उत्पादित बाख्राको बजार ब्यवस्थापनको लागि मोबाईल एप्सको निर्माण गरी आन्तरिक र बाह्य बजारमा विक्री वितरणको ब्यवस्था, ब्यवसायिक बाख्रापालन पकेट क्षेत्रमा चरिचरनको समस्या रहेकाले स्थानिय समुदाय बन उपभोक्ता समुह सम्बन्धित बन डिबिजन कार्यालय संग समन्वय गरी बाख्रा चरन संरक्षण तथा विकासका कार्यक्रम संचालन, बाख्राको उन काट्ने तथा धागो काट्ने मेशिन औजार वितरण, ब्यवसायिक बाख्रा पालन ब्यवस्थापन तालिम।

(झ) **ब्यवसायिक बङ्गुर पालनः** सम्भावित वडाहरु ब्यवसायिक बंगुर पालनका लागि छनौट भएका किसान परिवारलाई कम्तिमा ४ वटा पोथी र १ वटा भाले बंगुरका पाठा वितरण, ब्यवसायीक बंगुरका पाठा पाठी उत्पादन गर्ने किसानहरुलाई खोर निर्माणमा ५०% अनुदान, ब्यवसायीक बंगुर पालन तालीम ।

(ञ) **स्थानीय जातका कुखुराको ब्यवसायीक उत्पादनः** गाउँपालिकामा स्थानीय जातका कुखुराको ब्यवसायीक पालन गर्ने कृषकहरुलाई आवश्यक खोर निर्माण गर्न ५०% अनुदान कार्यक्रम, स्थानिय जातका ब्यवसायीक कुखुरा पालन गर्ने सबै किसानहरुलाई कुखुरा पालन र बजार ब्यवस्थापन तालीम। गाउपालीकाका सम्भाबित वडाहरुमा स्थानीय जातका कुखुराको ब्यवसायीक उत्पादन गर्न आवश्यक खोर निर्माण तथा किसानहरुले आवश्यक तालीम प्राप्त गरेका हुनेछन ।

(ट) **पशु आहाराका लागि घाँस प्रवर्द्धनः** पशु अहारको लागि विभिन्न किसिमका डाले घाँस तथा भुई घाँसको खेतीका लागि बिउ, बेर्ना, बिरुवा ईत्यादि वितरण, घाँस खेती प्रविधि संबन्धि तालिम। गाउँपालिकाका सम्भावित पशु पालन पकेट क्षेत्रमा उन्नत भुई घाँस र डाले घाँस उत्पादनको लागि हावापानी सुहाउँदा घाँस तथा डाले घाँसका बिउ र बेर्ना वितरण गरिएको हुनेछ र ब्यवसायिक पशु पालक किसान परिवारले आआफ्नो बारी र खर बारीमा उन्नत घाँस र डाले घाँसका विरुवा रोपेको हुनेछन ।

(ठ) **न्यूनतम पशु स्वास्थ्य सेवा र पशु बीमाः** गाउँपालिकामा पालिएका सबै किसिमका पशुहरुलाई आन्तरिक जुकाका औषधी, विभिन्न खोपहरु र प्राथ्मिक पशु स्वास्थ्य सेवा उपलब्ध गराउने,

विद्या प्रसाद यादव
अध्यक्ष
रोहिणी गा.पा.

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७१

गाउँपालिकामा पालिएका अन्य गाई भैसीको समेत बीमा गराउन पशु बीमा सेवामा कृषकहरुको पहुँचमा बृद्धि गर्न चेतनामूलक कार्यक्रम संचालन गर्ने साथै सबै पशुहरुलाई बीमामा अनुदानको व्यवस्था ।

(ङ) **उत्पादन प्रवर्द्धन, प्रशोधन र भण्डारणः** यस कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी व्यवसाय उन्मुख, व्यावसायिक कृषक वा उद्यमीबाट उत्पादित कृषि उपजको उत्पादन/उत्पादकत्व वृद्धि, विविधीकरण र बजारीकरण गरी कृषक/उद्यमीहरूलाई प्रोत्साहन गर्नको लागि व्यवसाय प्रवर्द्धन, आयमूलक तथा रोजगारी अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। व्यावसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण लगायत ब्यवसाय प्रवर्द्धनका लागि ब्याजमा सहुलियत दिने व्यवस्था मिलाउने र यी कार्यक्रमहरू यसै कार्यविधिमा तोकिए बमोजिम कार्यालयले आफै वा लागत साझेदारीमा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गरिने छ।

(ढ) **ब्राण्डिङ्ग र बजारीकरण कार्यक्रमः** कृषि उपजको प्रमाणीकरण र ब्राण्डिङ्ग गर्न सहजीकरण गर्ने। बाह्य तथा आन्तरिक खरिदकर्ताहरूलाई उत्पादन खरिदका लागि उत्पादक तथा सङ्कलकहरू सँग समन्वय गर्ने र खरिद/बिक्री सुनिश्चितताका लागि कार्यालयले पहल गर्नेछ।

(ण) **क्षमता अभिबृद्धिः** पालिका भित्र कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण व्यवसायमा संलग्न किसान/व्यवसायी हरुको क्षमता अभिबृद्धि पालिका मातहतका कृषि तथा पशु शाखाले गर्नेछ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...पुर्वा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

(२) उपदफा (१) मा निर्दिष्ट गरिएका कार्यक्रमहरू अन्तर्गत स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय बमोजिमका कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गरिनेछ र कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार, स्थानीय तह तथा अन्य निकायका उस्तै प्रकृतिका कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी कार्यालयले कार्यान्वयन व्यवस्था मिलाउनु पर्नेछ। तर क्षेत्र विस्तार र स्तरबृद्धिको हकमा बाधा पर्ने छैन।

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १.१ | **सघन खद्यान्न बाली उत्पादन कार्यक्रम** | | | |
| १.१.१ | उन्नत सिफारिस गरिएको धानको बिउ वितरण | • तराई जिल्लामा सिफारिस भएका धानको जातहरुको उन्नत बिउ खरिद तथा गा.पा. भित्रका कृ कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने ।<br>• किसानहरुले कम्तीमा १० कठ्ठा का लागि बिउ माग गर्नुपर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा धानको उन्नत बिउ उपलब्ध गराउने । |
| १.१.२ | उन्नत सिफारिस गरिएको गहुँको बिउ वितरण | • तराई जिल्लामा सिफारिस भएका गहुँको जातहरुको उन्नत बिउ खरिद तथा गा.पा. भित्रका कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने ।<br>• किसानहरुले कम्तीमा १० कठ्ठा का लागि बिउ माग गर्नुपर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा गहुँको उन्नत बिउ उपलब्ध गराउने । |
| १.२ | **सिफारिस गरिएको उन्नत जातका धान र गहुँको बिउ उत्पादन** | | | |
| १.२.१ | उन्नत सिफारिस गरिएको धानको बिउ उत्पादन | • तराई जिल्लामा सिफारिस भएका धानको जातहरुको मूल बिउ खरिद तथा गा.पा. भित्रका बीउ उत्पादन गर्न ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने ।<br>• लाभग्राही कृषकले कम्तीमा १० कठ्ठा र समुह/सहकारीले क्मतिमा १० हेक्टरको एउटै क्लष्टर बनाई बिउ उत्पादन गर्नुपर्ने। | • कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा धानको मूल बिउ उपलब्ध गराउने । |
| १.२.२ | उन्नत सिफारिस गरिएको गहुँको बिउ उत्पादन | • तराई जिल्लामा सिफारिस भएका गहुँको जातहरुको मूल बिउ खरिद तथा गा.पा. भित्रका बीउ उत्पादन गर्न | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने । | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा गहुँको |



... प्रसाद यादव
... गा.पा. अध्यक्ष

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • लाभग्राही कृषकले कम्तीमा १० कठ्ठा र समुह/सहकारीले कम्तिमा १० हेक्टरको एउटै क्लष्टर बनाई बिउ उत्पादन गर्नुपर्ने। | मूल बिउ उपलब्ध गराउने । |
| १.३ | **खाद्यान्न बाली उत्पादन कृषक तालिम कार्यक्रम** | • | • | |
| १.३.१ | उन्नत धान खेती तथा बीउ उत्पादन तालिम | • कृषकहरु छनौट गर्ने<br>• धानको बिउ उत्पादन सम्बन्धि तालिम संचालन<br>• नयाँ कृषक भए धानको बिउ उत्पादन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>धानको बिउ उत्पादन कम्तीमा १० कठ्ठामा गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| १.३.२ | उन्नत गहुँ खेती तथा बीउ उत्पादन तालिम | • कृषकहरु छनौट गर्ने<br>• गहुँको बिउ उत्पादन सम्बन्धि तालिम संचालन<br>• नयाँ कृषक भए गहुँको बिउ उत्पादन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• गहुँको बिउ उत्पादन कम्तीमा १० कठ्ठामा गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | • कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| २ | **तरकारी प्रवर्द्धन कार्यक्रम** | | | • |
| २.१ | करेसा बारीमा हिउँदे तथा बर्षे तरकारी मिनिकीट वितरण | • तराई जिल्लाका लागि सिफारिस भएका तरकारीको पंजिकृत हाईब्रिड जातहरुको बिउ खरिद तथा गा.पा. भित्रका कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• करेसा बारी लाई पुग्ने सिजन अनुसारको विभिन्न किसिमका तरकारीको विभिन्न जातका बिउ प्याकेट(मिनिकिट) | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। गा.पा.भित्रका कृषकहरुलाई निःशुल्क रुपमा वितरण गर्ने। |
| २.२ | हिउँदे तरकारीको ब्यवसायिक खेती प्रवर्धन कार्यक्रम | • उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने, | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत |

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा ५ कठ्ठामा खेती गर्नुपर्ने।<br>• व्यावसायिक तरकारी खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | • बीउविजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत **प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान।** |
| २.३ | बर्षे तरकारीको ब्यवसायिक खेती प्रवर्धन कार्यक्रम | • उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा ५ कठ्ठामा खेती गर्नुपर्ने।<br>• व्यावसायिक तरकारी खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउविजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• **प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान।** |
| २.४ | हिउँदे तथा बर्षे तरकारीको बिउ उत्पादन कार्यक्रम | • कृषकहरु छनौट गर्ने<br>• हिउँदे तथा वर्षे तरकारीको बिउ उत्पादन सम्बन्धि तालिम संचालन नयाँ कृषक भए तरकारी बिउ उत्पादन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• तरकारीको बिउ उत्पादन कम्तीमा १० कठ्ठामा गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा तरकारीको बिउ उपलब्ध गराउने । |
| ३ | **नगदे बाली प्रवर्द्धन कार्यक्रम** | • | • | • |
| ३.१ | उखु जुट र कपासको ब्यवसायिक उत्पादन गर्ने कृषकलाई बिउमा अनुदान | तराई जिल्लामा सिफारिस भएका उखु जुट र कपासको जातहरुको उन्नत बिउ खरिद तथा गा.पा. भित्रका कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने ।<br>• किसानहरुले आवस्यकता अनुसारको क्षेत्रफलका लागि बिउ माग गर्नुपर्ने। | • कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा उखु जुट र कपासको को बिउ उपलब्ध गराउने । |
| ३.२ | उखु जुट र कपासको बिउ उत्पादन गर्ने कृषकलाई मूल बिउमा अनुदान | • तराई जिल्लामा सिफारिस भएका उखु जुट र कपासको जातहरुको बिउ खरिद तथा गा.पा. भित्रका कृषक/कृषक | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने ।<br>• किसानहरुले आवस्यकता अनुसारको क्षेत्रफलका लागि बिउ माग गर्नुपर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा उखु जुट |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | समुह/कृषि सहकारीहरुलाई वितरण । | | र कपासको को बिउ उपलब्ध गराउने । |
| ३.३ | उखु जुट र कपासको ब्यवसायिक उत्पादन बिउ उत्पादन गर्ने कृषकलाई तालिम | • कृषकहरु छनौट गर्ने<br>• उखु जुट र कपासको बिउ उत्पादन सम्बन्धि तालिम संचालन<br>नयाँ कृषक भए गहुँको बिउ उत्पादन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• उखु जुट र कपासको बिउ उत्पादन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ३.४ | ब्यवसायिक उखु जुट र कपास को बिउ उत्पादन गर्ने कृषक समुहमा स्थानिय प्रविधिको प्रयोग गरी रष्टिक चिस्यान घर निर्माण गर्न अनुदान | • रष्टिक चिस्यान केन्द्र निर्माण र सञ्चालन,<br>आवश्यक उपकरण तथा अन्य सामग्रीहरू खरिद। | • उखु जुट र कपास को बिउ उत्पादन भण्डारण वा बजारीकरण कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी/ बजार समिति सहभागी हुन सक्ने,<br>• कम्तीमा ५ बर्षसम्म सञ्चालन गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने,<br>• रष्टिक चिस्यान केन्द्र कम्तीमा ५० टन क्षमताको हुनुपर्ने,<br>• लागत अनुमान तथा प्राविधिक विश्लेषण(डिजाईन) तयार गर्नुपर्ने ।<br>• चिस्यान केन्द्र मर्मत सम्भारको जिम्मेवारी संस्था स्वयमको हुनुपर्ने। | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। आवस्यक औजार उपकरणहरुको हकमा ५० प्रतिशत अनुदान । |
| ४ | **फलफुल प्रवर्द्धन** | • | • | |
| ४.१ | गउँपालिकाका सम्भाब्य वडाहरुमा हावापानी सुहाउँदा विभिन्न किसिमका फलफूलका विरुवाहरुमा अनुदान | • तराई जिल्लामा सिफारिस भएका फलफूलका विरुवा खरिद तथा गा.पा. भित्रका कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण । | • कृषक/कृषक समूह/सहकारी सहभागी हुन सक्ने ।<br>किसानहरुले आवस्यकता अनुसारको क्षेत्रफलका लागि विरुवा माग गर्नुपर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा फलफूलका विरुवाहरु उपलब्ध गराउने । |
| ४.२ | सम्भाब्य वडाहरुमा | • नर्सरी तथा स्रोत केन्द्र व्यवस्थापनका लागि माउ | • सम्बन्धित बाली/वस्तुको श्रोत केन्द्रको स्थापना गर्ने | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा कुल |



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | हावापानी सुहाउँदा विभिन्न किसिमका फलफूलका विरुवाहरु उत्पादन गर्ने नर्सरी स्थापना गर्ने । | बोट, रूटस्टक, सायन, बीउ तथा बेर्ना, सूचीकृत प्राङ्गारिक मल, पिटमस, कोकोपिट, विषादी, पोलिपट, नर्सरी ट्रे आदि खरिद,<br>• सिंचाई व्यवस्थापन,<br>• नर्सरी सेड/नेट, स्क्रिन हाउस निर्माण,<br>• औजार/उपकरण (स्प्रेयर, प्रुनर, बडिङ्ग/ग्राफ्टिङ चक्कु) आदि खरिद।<br>• हाल सञ्चालित स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूले उत्पादन गरिरहेको विवरण तयारी। | उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएका फर्म/कम्पनी/ कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• नयाँ स्थापना हुने स्रोत केन्द्रको हकमा देहायका बमोजिम मापदण्ड पुरा गर्ने गरी प्रस्ताव पेश गर्नुपर्ने,<br>• कम्तिमा ५ कठ्ठा क्षेत्रफल सहित प्रस्ताव पेश गर्नुपर्ने।<br>• स्रोत केन्द्र स्थापना र सञ्चालनको कार्ययोजना पेश गर्नुपर्ने,<br>• यस मापदण्ड बमोजिम आवश्यक पर्ने जग्गा सम्बन्धित प्रस्तावकको नाममा भएको हुनुपर्ने वा भाडामा लिएको हकमा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्षको करार सम्झौता हुनुपर्ने। | लागतको अधिकतम ५० प्रतिशत,<br>निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत,<br>बीउविजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत। |
| ४.३ | वडाहरुमा विभिन्न किसिका फलफूलको ब्यवसायिक खेती गर्ने किसानलाई वडास्तरिय तालिम | • कृषकहरु छनौट गर्ने<br>• ब्यवसायिक फलफूल उत्पादन सम्बन्धि तालिम संचालन<br>• नयाँ कृषक भए फलफूलको उत्पादन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• गहुँको बिउ उत्पादन कम्तीमा १० कठ्ठामा गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ४.४ | वडाहरुमा फलफूलको विरुवा उत्पादन गर्ने नर्सरी संचालक कृषकरुलाई नर्सरी ब्यवस्थापन तालिम | • कृषकहरु छनौट गर्ने<br>• फलफूलको बिरुवा उत्पादन गर्ने नर्सरी सम्बन्धि तालिम संचालन<br>• नयाँ कृषक भए बिरुवा उत्पादन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• फलफूलको बिरुवा उत्पादन कम्तीमा १० कठ्ठामा गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ४.५ | ब्यवसायिक फलफूल खेती गर्ने कृषक समुहलाई विरुवा काटछाट गर्ने औजार खरिदमा अनुदान | • फलफूल खेतीका लागि आवस्यक काटछाट गर्ने औजार उपकरणहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• काटछाट गर्ने औजार उपकरणहरूखरिद गर्नुपर्ने।<br>• ब्यवसायिक फलफूल खेती गर्ने कषकलाई प्राथमिकता दिई वितरण गर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा फलफूल खेतीका लागि आवस्यक काटछाट गर्ने औजार उपकरणहरू उपलब्ध गराउने । |
| ४.६ | ब्यवसायिक रुपमा फलफूलको नर्सरी संचालन गर्ने कृषकलाई विरुवा काटछाँट र कलमी गर्ने औजार खरिदमा अनुदान | • फलफूल नर्सरीका लागि आवस्यक काटछाट र कलमी गर्ने औजार उपकरणहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• काटछाट गर्ने र कलमी औजार उपकरणहरूखरिद गर्नुपर्ने।<br>• ब्यवसायिक फलफूल नर्सरी गर्ने कषकलाई प्राथमिकता दिई वितरण गर्ने। | कृषि शाखाले टिप्पणी सहित लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। ५० प्रतिशत अनुदानमा फलफूल खेतीका लागि आवस्यक काटछाट र कलमी गर्ने औजार उपकरणहरू उपलब्ध गराउने । |
| ४.७ | वडाहरुमा विभिन्न किसिका फलफूलको ब्यवसायिक खेती गर्ने पकेट क्षेत्रमा कृषक समुहलाई स्थानिय प्रविधिको प्रयोग गरी रष्टिक चिस्यान घर निर्माण गर्न अनुदान । | • रष्टिक चिस्यान केन्द्र निर्माण र सञ्चालन,<br>• आवश्यक उपकरण तथा अन्य सामग्रीहरू खरिद। | • फलफूल उत्पादन भण्डारण वा बजारीकरण कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी/ बजार समिति सहभागी हुन सक्ने,<br>• कम्तीमा ५ बर्षसम्म सञ्चालन गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने,<br>• रष्टिक चिस्यान केन्द्र कम्तीमा ५० टन क्षमताको हुनुपर्ने,<br>• लागत अनुमान तथा प्राविधिक विश्लेषण(डिजाईन) तयार गर्नुपर्ने ।<br>• चिस्यान केन्द्र मर्मत सम्भारको जिम्मेवारी संस्था स्वयमको हुनुपर्ने। | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। आवस्यक औजार उपकरणहरुको हकमा ५० प्रतिशत अनुदान । |
| ५ | **दलहन, तेलहन र कन्दमूल प्रजातिको प्रवर्द्धन** | • | • | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ५.१ | गाउँपालिकाका सम्भाब्य वडाहरुमा पिडालु तरुल र सखरखण्डको जस्ता लोपउन्मुख बालीहरुको उत्पादन पर्वद्धन कार्यक्रम। | • उत्पादन सामग्रीहरू, पिडालु तरुल र सखरखण्डको बिउ तथा सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा ५ कठ्ठामा खेती गर्नुपर्ने।<br>• व्यावसायिक पिडालु तरुल र सखरखण्डको खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | • बीउविजन/बेर्ना, यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>**प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान।** |
| ५.२ | गाउँपालिकाका सम्भाब्य वडाहरुमा पिडालु तरुल र सखरखण्ड जस्ता लोपउन्मुख बालीहरुको बीउ संरक्षण तथा उत्पादन कार्यक्रम | • उत्पादन सामग्रीहरू, पिडालु तरुल र सखरखण्डको बिउ उत्पादन भण्डारण, प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा ५ कठ्ठामा खेती गर्नुपर्ने।<br>• व्यावसायिक पिडालु तरुल र सखरखण्डको खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | • बीउविजन/बेर्ना, यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत |
| ५.३ | सहकारी ब्यवस्थापन तथा कृषि उपज बजार संचालन गाउँपालिकास्तरिय तालिम | • कृषि सहकारीहरु छनौट गर्ने ।<br>• गाउँपालिकाभित्र रहेका सबै कृषि सहकारीहरुलाई ब्यवस्थित रुपमा संचालन गर्नका लागि र कृषि उपज संकलन तथा बाजरिकरण सम्बन्धी तालिम संचालन । | • कृषि सहकारीहरु सहभागी हुन सक्ने, | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ६ | **ब्यवसायीक मौरीपालन कार्यक्रम** | | | |
| ६.१ | गाउँपालीकाका सम्भाबित वडाहरुमा व्यवसायीक मौरीपालन गर्न मौरी सहितको | • गोला सहितको मौरी घार खरिद | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा ५ घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु. २५ हजार अनुदान। |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | घार ५०% अनुदान कार्यक्रम । | | | |
| ६.२ | ब्यवसायीक मौरीपालक कृषकहरुलाई आवश्यक मह काढ्ने औजार र अन्य सामाग्रीमा ५०% अनुदान कार्यक्रम । | • महमदानी, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, व्रस, मह छान्ने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद।<br>• उन्नत रानु खरिद<br>• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू | • कृषक सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा ५ घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु. २५ हजार अनुदान। |
| ६.३ | ब्यवसायीक मौरीपालक कृषकहरुलाई मौरी घार ब्यवस्थापन र मह उत्पादन सम्बन्धी तालीम । | • कृषकहरु छनौट गर्ने<br>• मौरी पालन सम्बन्धि तालिम संचालन<br>• नयाँ कृषक भए मौरी पालन गर्न र पुरानो भए विस्तार गर्न प्रतिवद्ध गराउने । | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा ५ घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | कृषि शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ६.४ | ब्यवसायीक मौरीपालक कृषक समुहलाई मह प्रशोधनका लागी आवश्यक मेसिन र उपकरणमा ५०% अनुदान । | • महमदानी, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, व्रस, मह छान्ने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद।<br>• उन्नत रानु खरिद<br>• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू | • कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा १० घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु. २५ हजार अनुदान। |
| ७ | **गाई/भैंसी तथा दुध उत्पादन प्रवर्द्धन कार्यक्रम** | • | • | |
| ७.१ | स्थानीय जातका गाईको नश्ल सुधारको लागी जर्सी साँढे बितरण । | • क्रस जर्सी साँढे वितरण | • गाई भैसी पालन समुहमा वितरण गरिनेछ । | प्रति साँढे बढिमा रु.१००००/- अनुदान दिईनेछ । |

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष



रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुखखाई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ७.२ | स्थानीय जातका भैसीको नश्ल सुधारको लागी मुर्रा राँगा बितरण । | • क्रस मुर्रा जातको राँगो वितरण | गाई भैसी समुहमा वितरण गरिनरे छ । | प्रति राँगो बढिमा रु.२००००/- अनुदान दिईनेछ । |
| ७.३ | उन्नत जातका गाईका क्रस बाच्छा बाच्छी हुर्काउने कार्यक्रम । | • गाईका क्रस बाच्छा बाच्छी हुर्काउने । | गाई भैसी पालन समुहका कृषक सहभागी हुनसक्ने । | प्रति लाभग्राही कुल लागत को ५० % वा अधिकतम रु ५००० /- अनुदान । |
| ७.४ | उन्नत जातका गाईका क्रस भैसिको पाडा पाडी हुर्काउने कार्यक्रम | • क्रस भैसीका पाडा पाडी खरिद गर्नुपर्ने । | • कृषक समुह / सहकारी सहभागी हुनसक्ने ।<br>• समुहमा आवद्ध कृषक सहभागी हुनसक्ने । | प्रति अनुदानग्राही कुल लागतको ५० % वा अधिकतम रु ६०००/- अनुदान । |
| ७.५ | व्यवसायीक गाई र भैसी पालन समुहमा स्थानीय जातका राँगा र साँढेलाई खसी बनाउने । | • समुहका स्थानिय जातका साँढे लाई खसी पार्ने । | • समुहमा कार्यक्रम सञ्चालन गरिने । | प्रति समुह रु १००००/- का दरले खर्च गर्न सकिनेछ । |
| ७.६ | उन्नत जातका क्रस गाई र भैसीका बाच्छा बाच्छी र पाडा पाडी व्यवस्थापन वडास्तरीय तालीम । | • बाच्छा बाच्छी र पाडा पाडी व्यवस्थापन तालीम । | • कार्यक्रममा सहभागी समुह का कृषकहरुलाई समावेश गराउने प्रदेशको मापदण्ड अनुसार । | प्रदेशको मापदण्ड अनुसार । |
| ७.८ | व्यवसायीक गाई र भैसी पालन समुहका कृषकहरुको गोठमा सुधार । | • गोठ मरमत तथा सुधार गर्नुपर्ने । | • गाई भैसी पालन समुह वा समुहका सदस्यहरु सहभागी हुनसक्ने ।<br>• सहभागी कृषक कम्तिमा २ वटा गाई भैसी पालेको हुनुपर्ने । | प्रति अनुदानग्राही कुल लागतको ५० % वा अधिकतम रु १००००/- अनुदान । |
| ७.९ | व्यवसायीक गाई र भैसी पालन समुहका सदस्य कृषकहरुको गोठमा गोठेमल | • गोठेमल व्यवस्थापन गर्नुपर्ने । | • गाई भैसी पालन समुह वा समुहका सदस्यहरु सहभागी हुनसक्ने । | प्रति अनुदानग्राही कुल लागतको ५० % वा अधिकतम रु ५०००/- अनुदान । |

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | व्यवस्थापन कार्यक्रम । | | • सहभागी कृषक कम्तिमा २ वटा गाई भैसी पालेको हुनुपर्ने । | |
| ७.१० | गाउँपालिकाका प्रमुख दुग्ध उत्पादन पकेट क्षेत्रमा दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुग्ध संकलन केन्द्रको स्थापना गर्ने | • दुध सङ्कलन केन्द्रको व्यवस्थापन गर्ने । | • दुग्ध उत्पादक सहकारी संस्था मार्फत सहभागी हुन पाउने ।<br>• आवश्यक उपकरण तथा चिलिङ्ग भ्याट खरिद गर्ने । | ५०% अनुदान वा अधिकतम रु १०००००/- अनुदान । |
| ७.११ | गाउपालिका सदरमुकाममा एउटा लघु दुग्ध प्रशोधन उद्योगको स्थापना दुग्ध उत्पादक सहकारी संस्था र निजी क्षेत्रको सहकार्यमा स्थापना गरी संचालन गर्ने । | • लघु दुग्ध प्रशोधन उद्योगको स्थापना | • दुग्ध उत्पादक सहकारी संस्था र निजी क्षेत्रको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने । | ५०% अनुदान वा अधिकतम रु १०००००/- अनुदान । |
| ७.१२ | ब्यवसायिक दुग्ध उत्पादक कृषकहरुका लागि उन्नत गाई भैसी पालन ब्यवस्थापन तालिम | • गाई भैसी पालन ब्यवस्थापन तालिम दिइने । | • दुग्ध उत्पादक कृषकहरुलाई सहभागी गराउने । | पशु शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ७.१३ | ब्यवसायिक दुग्ध संकलन तथा प्रशोधन गर्ने सहकारीहरुलाई दुग्धजन्य उत्पादनहरुको विविधिकरण तथा बजारीकरण सम्बन्धी गाउँपालिकास्तरिय | • दुग्धजन्य उत्पादनहरुको विविधिकरण तथा बजारीकरण तालीम । | • दुग्ध संकलन तथा प्रशोधन गर्ने सहकारीहरुलाई सहभागी गराउने । | पशु शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |



... प्रसाद यादव
गा.पा. अध्यक्ष

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | तालिम संचालन गर्ने । | | | |
| ८ | **बाख्रा प्रवर्द्धन कार्यक्रम** | • | • | |
| ८.१ | स्थानीय जातका बाख्राको नश्ल सुधारको लागी बोयर बोका बितरण | • ५०-७० % को बोयर जातको बोका वितरण गर्ने । | • बाख्रा पालन समुहहरुमा बोका बितरण गरिने छ । | रु. ५००००/- मा नबढ्ने गरी । |
| ८.२ | व्यवसायीक बाख्रा पालन समुहमा स्थानीय जातका २ महिना भन्दा बढि उमेरका सबै बोकालाई खसी पार्ने । | • बाख्रा पालक समुहको २ महिना भन्दा माथिको सबै बोका खसी पार्ने । | • समुहमा सञ्चालन गरिने । | प्रति समुह रु. १००००/- |
| ८.३ | व्यवसायीक बाख्रा पालन पकेट क्षेत्रका किसानको बाख्राको खोर सुधार तथा मर्मत कार्यक्रम। | • व्यवसायीक बाख्रा पालन पकेट क्षेत्रका कृषकको खोर सुधार तथा मर्मत गर्ने । | • व्यवसायीक पकेट क्षेत्रका किसान सहभागी हुन पाउने । <br>• बाख्रा पालन समुह वा सदस्य सहभागी हुन पाउने । | प्रति लाभग्राही कुल लागतको ५० % वा अधिकतम रु ५०००० /- अनुदान । |
| ८.४ | ब्यवसायिक बाख्रा पालन ब्यवस्थापन वडास्तरिय तालिम | ब्यवसायिक बाख्रा पालन ब्यवस्थापन तालिम वडास्तरमा गर्ने । | • ब्यवसायिक वा समुहका बाख्रा पालक सहभागी हुनपाउने । | पशु शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ८.५ | गाउँपालिकामा उत्पादित बाख्राको बजार ब्यवस्थापनको लागि एउटा मोबाईल एप्सको निर्माण गर्ने । | • बाख्राको बजार ब्यवस्थापनको लागि मोबाईल एप्सको निर्माण । | • | पशु शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| ८.६ | गाउँपालिकामा उत्पादित बाख्राको ई-बजार ब्यवस्थापनको | • बाख्राको ई-बजार ब्येवस्थापनको लागि बाख्रा संकलन केन्द्र स्थापना । | • ब्यवसायिक बाख्रा पालन समुह वा वडामा । | पशु शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | लागि प्रतयेक ब्यवसायिक बाखा पालन वडामा बाखा संकलन केन्द्र स्थापना गरी सहकारी मार्फत संचालन गर्ने । | | | |
| ८.७ | ब्यवसायिक बाखा पालक किसानहरुको गोठ सुधार तथा मर्मत कार्यक्रम। | • ब्यवसायिक बाखा पालक किसानहरुको गोठ सुधार तथा मर्मत गर्ने । | • ब्यवसायिक बाखा पालक कृषक सहभागी हुन पाउने । | प्रति लाभग्राही कुल लागतको ५० % वा अधिकतम रु ३०००० /- अनुदान । |
| ८.८ | ब्यवसायिक बाखा पालक कृषकहरुलाई उन काट्ने मेशिन औजार ५०% अनुदानमा उपलब्ध गराउने । | • उन काट्ने मेशिनरी औजारमा अनुदान । | • समुहमा सञ्चालन गरिने । | ५०% अनुदान वा अधिकतम रु ५००० /- अनुदान । |
| ९ | **ब्यवसायिक बङ्गुर पालन** | • | • | |
| ९.१ | गाउँपालिकाका सम्भावित वडाहरु ब्यवसायिक बंगुर पालन गर्ने किसान कम्तिमा ४ वटा पोथी र १ वटा भाले बंगुरका पाठा ५०% अनुदानमा वितरण गर्ने | • बंगुरको पोथी र भाले वितरण । | • सम्भावित वडामा कृषकलाई वितरण गरिने ।<br>• प्रति व्यक्ति ४ वटा पोथी र १ भाले वितरण । | ५०% अनुदान वा अधिकतम रु १०००० /- अनुदान । |
| ९.२ | ब्यवसायीक बंगुर पालन गर्ने बंगुर पालक कृषकहरुलाई खोर निर्माण र | • बंगुर पालक कृषकहरुलाई खोर निर्माण र मर्मत अनुदान । | • ब्यवसायीक बंगुर पालक सहभागी हुने । | ५०% अनुदान वा अधिकतम रु २५००० /- अनुदान । |

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष



रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | मर्मतमा ५०% अनुदान दिने । | | | |
| ९.३ | ब्यवसायीक बंगुरका पाठा पाठी उत्पादन गर्ने किसानहरुलाई खोर निर्माणमा ५०% अनुदान दिने । | • बंगुरका पाठा पाठी उत्पादन गर्ने किसानहरुलाई खोर निर्माणमा अनुदान । | • ब्यवसायीक बंगुरका पाठा पाठी उत्पादन गर्ने कृषक सहभागी हुन पाउने । | ५०% अनुदान वा अधिकतम रु ५०००० /- अनुदान । |
| ९.४ | ब्यवसायीक बंगुर पालन तालीम । | • ब्यवसायीक बंगुर पालन तालीम । | • बंगुर पालक कृषक सहभागी हुने । | पशु शाखाले लागत अनुमान स्वीकृत गराई सञ्चालन गर्ने। |
| १० | **स्थानीय जातका कुखुराको ब्यवसायीक उत्पादन** | • | • | |
